# प्रस्ताव आह्वानको सूचना

सूचना नं.४/२०७७-७८

प्रथम पटक प्रकाशित मितिः २०७७।०९।२२
प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७७।१०।०७

## सूचना ! सूचना!! सूचना!!!

आ. व. २०७७।७८ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा अन्तर्गत तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने भएकोले मिति २०७७।०९।२२ गते देखि१५ दिने सार्वजनिक सूचना प्रकाशित गरि प्रस्ताव आह्वान गरिएको हुँदा उक्त कार्यक्षेत्रका (न्यूनतम ६ कठ्ठा जलाशय मत्स्य पोखरी) हुने इच्छुक कृषि समूह/सहकारी/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५औ दिन भित्र अर्थात (मिति २०७७।१०।०७ गते भित्र) यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापामा र स्थानिय तहको पशु विकास शाखामा तोकिएको ढाँचा (अनुसुचि-१०) बमोजिम आवेदन दर्ता गर्नहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ। साथै यस विषयमा थप जानकारीको लागि प्रदिपकुमार श्रेष्ठ, झापा (९८४२६२६१०३) र केदार कुमारी अधिकारी (९८१६९१९२२८)मा सम्पर्क गर्न सकिनेछ।

**तपशिलः**

१. क.नयाँ मत्स्य ब्लक कार्यक्षेत्रः मेचीनगर नगरपालिकाका १५ वटै वडाहरु
   ख.नयाँ मत्स्य ब्लक कार्यक्षेत्रः कमल गाउँपालिकाका ७ वटै वडाहरु

२. क. पुरानो मत्स्य ब्लक कार्यक्षेत्रः हल्दिबारी गाउँपालिका ५वटै वडाहरु
   ख. पुरानो मत्स्य ब्लक कार्यक्षेत्रः गौरादह नगरपालिका ९ वटै वडाहरु
   ग. पुरानो मत्स्य ब्लक कार्यक्षेत्रः कचनकवल गाँउपालिका ७ वटै वडाहरु

कार्यक्रमहरुः नयाँ/पुरानो मत्स्य ब्लक- झापा जिल्ला, जलाशय क्षेत्रफल ६० हेक्टर, संख्या-२(नयाँ),३(पुरानो)

<u>निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु</u>

१. रु.१०।.को हुलाक टिकट टाँस गरिएको तोकिएको बमोजिमको ढाँचा।
२. सम्बन्धीत निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
३. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात(जग्गाको धनीपुर्जा,नक्सा र मालपोत तिरेको रसिद) वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतापत्र/करारनामा/मंजुरीनामा र मालपोत तिरेको रसिद।
४. निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।
५. अघिल्लो आ.व.को लेखा परिक्षणको प्रतिवेदन र आ.व.२०७६/०७७को कर चुक्ताको प्रमाणपत्र।
६. लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र।
७. कार्य समितिको निर्णयको प्रतिलिपि (समूह/समितिको हकमा)।
८. प्रचलित कानुन बमोजिम कुनै कारबाहीमा नपरेको स्वयमघोषणा पत्र समावेश गर्नुपर्ने।
९. अनुसूचि १० अनुरुपको आधारभुत तथ्याङ्क फाराम।
१०. स्थानिय तह वडा कार्यालय/पशु सेवा शाखाको सिफारिस पत्र।

वरिष्ठ पशु विकास अधिकृत